संघीय संसद

राष्ट्रिय सभा

चौधौं अधिवेशन

बैठक-३६

सूचनापत्र-२

(बैठकको कामकारबाहीको सङ्क्षिप्त विवरण)

*बैठक प्रारम्भ : ११:०१ बजे*
*बैठक स्थगित : १२:१२ बजे*

२०८० साउन २६ गते, शुक्रवार

संघीय संसद, राष्ट्रिय सभाको चौधौं अधिवेशनको छत्तिसौं बैठक सम्माननीय अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाको अध्यक्षतामा विहान ११:०१ बजे प्रारम्भ भयो।

सर्वप्रथम, सम्मानीय अध्यक्षले समसामयिक विषयमा बोल्नका लागि दलीय आधारमा समय माग भएको जानकारी गराउनुहुँदै देहायबमोजिमका माननीय सदस्यहरूलाई समय उपलब्ध गराउनुभयोः

**माननीय गंगा कुमारी बेलबासे**ले संसद अवरोधले कानुन निर्माण प्रक्रिया र जनताका समस्याको उठान गर्न नपाएको बताउनुभयो। डेङ्गो नियन्त्रण, लम्पी स्किन नियन्त्रण, बाढीपहिरोको प्रभाव नियन्त्रणका लागि आवश्यक कारबाही गर्नको लागि सरकार समक्ष माग गर्नुभयो। प्रतिपक्षी दललाई सदनको अवरोध खुलाउन अनुरोध पनि गर्नुभयो।

**माननीय भगवती न्यौपाने**ले सदन अवरुद्धको विषयमा गलत तवरले प्रचार प्रसार भएको बताउनुभयो। प्रतिपक्षले सदनमा उठाएका विषयहरूप्रति सरकारले वेवास्ता गरेकोले सदन अवरूद्ध भइरहेको बताउनुभयो। सुनको अबैध आयात प्रकरणमा राज्यका निकायसँग नै प्रश्न उब्जिएकोले यसको लागि समिति बनाउन माग गरेको बताउनुभयो। देशका समस्याप्रति प्रतिपक्षी दल पनि गम्भीर रहेको बताउनुहुँदै सरकारलाई वर्तमान समस्या समाधान गर्नका संसदीय गतिविधिले अवरोध नगर्ने बताउनुभयो।

**माननीय जितेन्द्र नारायण देव**ले संसारका राजनीतिक बैज्ञानिकहरूले संसद भनेको लोकतन्त्रको प्राणवायु हो भन्दै जब संसद कार्य गर्न नसक्ने अवस्थामा पुग्छ, यसबाट लोकतन्त्र खतरामा पर्ने धारणा ब्यक्त गर्ने गरेको इतिहास रहेको कुरा बताउनुभयो। संसद अवरोधले प्रतिपक्षी दल नै खिइदै गइरहेको, एकल हुँदै गइरहेको बताउनुभयो। जनताले रोजगारी चाहेको, आर्थिक विकास, समृद्धि चाहेको बताउनुहुँदै वर्तमान सरकारले बजेटको माध्यमबाट आर्थिक क्रियाकलाप बढाउने, रोजगारी बढाउने लगायतका कार्य गरेको बताउनुभयो। विगतमा नेपाल प्रहरीले गरेको अनुसन्धानमा राजनीतिक कारणले मात्र गलत साबित गर्ने कार्य भएको जसमा नेपाल प्रहरीको कारणले अनुसन्धान गलत नभएको बरू राजनीतिक प्रभावले गलत बनाउने गरेको बताउनुभयो।

**माननीय राजेन्द्र लक्ष्मी गैरे**ले सदन अवरुद्ध हुँदा जनताको पक्षमा जनप्रतिनिधिले कार्य नगरेको आरोप खेप्नुपरेको बताउनुभयो। सुन प्रकरणमा सि.आइ.बी. को अनुसन्धानमा शंका गर्नुपर्ने अवस्था नरहेको बताउनुभयो। जननेता मदन भण्डारीको मृत्यूमा पनि छानविन समिति बनेको तर यसले निकालेको निष्कर्ष विश्वसनीय नभएको बताउनुहुँदै यस्ता समितिले गर्ने कार्य निष्पक्ष नै हुन्छ भन्ने अवस्था नरहेको बताउनुभयो। वर्तमान समयमा सम्माननीय प्रधानमन्त्री माननीय गृहमन्त्री र माननीय अर्थमन्त्रीले राम्रो काम गरिरहेकोले सत्ता पक्ष र प्रतिपक्ष दुवैले सहयोग गर्नुपर्ने बताउनुभयो।

**माननीय मोहम्मद खालिद**ले चामलको निर्यातमा भारतले प्रतिवन्ध लगाएको हल्लाले बजारमा चामलको भाउ बृद्धि भएको बताउनुहुँदै सरकारले यसको प्रभावकारी अनुगमन गर्नुपर्ने बताउनुभयो। अभिव्यक्तिको स्वतन्त्रता प्रजातन्त्रको गहना भएको बताउनुहुँदै विचार र अभिव्यक्तिको स्वतन्त्रताको प्रयोग गर्दा कसरी गर्ने भन्ने विषयमा सचेत रहनुपर्ने बताउनुभयो। केही व्यक्तिहरूले आदिवासी जनजाति, दलित र समाजमा पछि परेका व्यक्तिलाई होच्याउने अभिव्यक्ति दिने गरेको प्रति सरकार गम्भीर बन्नुपर्ने बताउनुभयो।

**माननीय तुल प्रसाद विश्वकर्मा**ले वर्तमान समस्याको समाधानका लागि प्रतिपक्ष दलले पनि सहयोग गर्नुपर्ने र अनुसन्धानलाई अघि बढाउनुपर्ने र यसबाट आएको निष्कर्षमा चित्त नबुझेमा फेरी संसदीय छानविन समिति पनि बनाउन सकिने बताउनुभयो।

**माननीय डा. बिमला राई पौड्याल**ले विश्व स्वास्थ्य संगठनको अध्यक्ष पद खाली रहेको र यसका लागि नेपालले पनि आकाङ्क्षा राखिरहेकोले यसका लागि सरकारले ध्यान दिनुपर्ने र गम्भीर हुनुपर्ने बताउनुभयो। सुन तस्करीको अनुसन्धान गरिरहेको सि.आइ.बी जुन मन्त्रालयको मातहतमा बसेर काम गरिरहेको छ सो मन्त्रालयको नाम पनि यस प्रकरणमा जोडिएर आएको हुनाले त्यसको समाधानका लागि संसदीय छानविन समिति बनाउनु उपयुक्त हुने बताउनुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले समसामयिक विषयमा माननीय सदस्यहरूले बोल्ने क्रम समाप्त भएको जानकारी गराउनुभयो। तत्क्षणै, प्रमुख प्रतिपक्षी दलका माननीय सदस्यहरू टेबल ढ्याप ढ्याप गर्दै उठ्नुभयो। सम्माननीय अध्यक्षले सङ्क्षेपमा आफ्नो कुरा राख्नका लागि माननीय भैरव सुन्दर श्रेष्ठलाई समय उपलब्ध गराउनुभयो। सँगसँगै सत्तापक्षका माननीय सदस्यहरू पनि टेबल ढ्याप ढ्याप गर्दै उठ्नुभयो।

तत्पश्चात्, सम्माननीय अध्यक्षले दुवै पक्षलाई बसेर बैठक सञ्चालनका लागि आग्रह गर्नुहुँदै बैठकको मर्यादालाई कायम राख्न अनुरोध गर्नुहुँदा सत्तापक्षका दलहरू संसद सुचारु गर्नुपर्ने र प्रमुख प्रतिपक्ष दलका माननीय सदस्यहरूले अवैध सुन आयातमा संसदीय छानविन समिति बनाउनुपर्ने माग गर्नुहुँदै उठेर विरोध गरिरहनुभयो। त्यसपछि, सम्माननीय अध्यक्षले सत्तापक्ष र प्रतिपक्ष दलका माननीय सदस्यहरूले एकसाथ उठेर विरोध गर्नुभएको कारण बैठक अघि बढ्न नसक्ने जानकारी गराउनुहुँदै कार्यसूचीमा रहेका विषयहरूलाई कार्यसूचीबाट हटाएको ब्यहोरा जानकारी गराउनुभयो।

तदनन्तर, सम्माननीय अध्यक्षले राष्ट्रिय सभाको अर्को बैठक **२०८० साउन ३१ गते बुधवार अपराह्न १ बजेर १ मिनेटमा** बस्ने गरी बैठक स्थगित भएको घोषणा गर्नुभयो।

(डा. भरतराज गौतम)
संघीय संसदको महासचिव